# सन्राइज बैंक लिमिटेडको
## छैठौं बार्षिक साधारणसभाको कामकारवाहीको विवरण (माइन्यूट) सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ७५(३) को व्यवस्था बमोजिम सार्वजनिक सूचना

**वैधानिक सभा :**
सन्राइज बैंक लिमिटेडको संचालक समितिको निर्णयानुसार बोलाईएको छैठौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री मोतीलाल दुगडज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

**सभाको मिति, स्थान र समय :**
**मिति :** २०७१ बैशाख २१ गते (तद्नुसार ४ मई, २०१४), आईतबार
**समय :** बिहान ११:०० बजे (हाजिरी विहान १०:०० बजेदेखि अपरान्ह २:०० बजे सम्म)
**स्थान :** राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग, काठमाण्डौं ।

**सभाको सुचना :**
छैठौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा संचालक समितिको प्रतिवेदन, आ.ब. २०६९/७० को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक प्रतिवेदन तथा सभामा छलफल गरीने विषयहरु शेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै सोही व्यहोराको सूचना प्रथम पटक मिति २०७० चैत्र २० गतेको नयाँ पत्रिका दैनिकमा प्रकाशित भएको थियो भने सो पछि मिति २०७० चैत्र २९ गतेको नागरिक दैनिक, मिति २०७१ बैशाख ८ गतेको कारोबार दैनिक र मिति २०७१ बैशाख १९ गतेको अभियान दैनिकमा समेत प्रकाशित गर्नुका साथै बैंकको वेब साईट www.sunrisebank.com.np मा समेत राखी शेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सुचित गरिएको थियो ।

**शेयरधनीहरुको उपस्थिती :**
- जम्मा उपस्थिती (प्रतिनिधिपत्रद्धारा उपस्थिती सहित) : ९२७ जना
- बाँडफाँड भएको जम्मा शेयरको सभामा प्रतिनिधित्व प्रतिशत : ५९.२१%

**सभाको बैधानिकता :**
कम्पनी सचिवले सभालाई कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम साधारण सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३(२) तथा बैंकको नियमावली बमोजिम सभाको गणपुरक संख्या पुगेको तथा प्रचलित कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भए पछि बैंकको नियमावलीको प्रावधान बमोजिम विहान ११:०० बजे संचालक समितिका अध्यक्ष श्री मोतीलाल दुगडज्यूको अध्यक्षतामा बैंकको छैठौं बार्षिक साधारण सभा शुरु भयो । सभामा उपस्थित शेयरधनी महानुभावहरु मध्ये ११ जनाले बैंकको संचालक समितिको प्रतिवेदन, लेखा विवरण आदिमा आफ्नो जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

**सभाको निर्णय :**
**(क) सामान्य प्रस्ताव तर्फ :**
१. छलफलको लागि सभामा प्रस्तुत प्रस्ताव नं. १ बमोजिम आर्थिक बर्ष २०६९/७० को संचालक समितिको प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी अध्यक्षज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।
२. प्रस्ताव नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको २०७० आषाढ मसान्तको वासलात, मिति २०६९ श्रावण १ गतेदेखि मिति २०७० आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका सम्बन्धित अनुसूचिहरुलाई पारित गरियोस् भनी अध्यक्षज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात् सभाले सर्वसम्मतिबाट पारित गऱ्यो ।
३. प्रस्ताव नं. ३ बमोजिम आर्थिक बर्ष २०७०/७१ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरिक्षण समितिले कम्पनी ऐनको दफा १६५(घ) बमोजिम लेखापरीक्षकको रुपमा नियुक्त हुन योग्य पराक्रम शर्मा एण्ड एशोसिएट्स्, चाटर्ड एकाउन्टेण्टस्लाई नियुक्तीका लागि सिफारिश गरेको र निजलाई आर्थिक बर्ष २०७०/७१ का लागि कूल पारिश्रमिक रु. ३,५०,०००/- (कर वाहेक), Tax and Long Form Audit को लागि रु. १,१५,०००/- र यातायात, खाना, बस्न लगायत अन्य सम्पूर्ण खर्चको सिमा रु. २,५०,०००/- (वास्तविक खर्चको बिलको आधारमा भुक्तानी गर्ने गरि) सिफारिस गरेको हुनाले सो सिफारिस साधारण सभाबाट स्वीकृतीका लागि सभापतिको अनुमतिले लेखापरिक्षण समितिका सदस्य श्री मालचन्द दुगडज्यूले राख्नु भएको प्रस्ताव उपर सभामा विस्तृत छलफल भई सर्वसम्मतिले पारित गरियो ।
४. प्रस्ताव नं. ४ बमोजिम संस्थापक शेयरधनी समूह (क) को उपसमूह (क-३) अन्तर्गत रिक्त हुन गएको सञ्चालक पदमा पुनः नियुक्त हुनु भएका सञ्चालक श्री श्रीनिवास शारदाज्यूको नियुक्ती बाँकी कार्यकाल सम्मका लागि अनुमोदन गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।
५. प्रस्ताव नं. ५ बमोजिम सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने समूह (ख) अन्तर्गतका शेयरधनीहरुका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा अध्यक्षज्यूले सो प्रयोजनका लागि नियुक्त हुनुभएका निर्वाचन अधिकृत श्री भिमसेन बञ्जारालाई मञ्चमा आई निर्वाचन कार्यक्रमबारे जानकारी गराउन अनुरोध गर्नुभयो । निर्वाचन अधिकृतले मञ्चमा आई संचालक निर्वाचन कार्यक्रमका बारेमा बोल्दै मिति २०७१/०१/०५ मा प्रकाशित गरिएको संचालक निर्वाचन सम्बन्धि कार्यक्रम अनुरुप तोकिएको समयसम्म निम्न ३ (तीन) जना उम्मेद्वारको मनोनयन पत्र दर्ता भएको जानकारी गराउनु भयो ।
   १. श्री दीपक प्रसाद भट्टराई
   २. श्री दीपक नेपाल
   ३. श्री राजेश कोइराला

   उक्त तीन जना उम्मेद्वारको सम्बन्धमा कुनै किसिमको बिरोध/उजुरी नपरेको र उम्मेद्वारी फिर्ता लिन तोकिएको समय भित्र उहाँहरुले आफ्नो नाम फिर्ता समेत नलिनु भएको हुँदा तीन जना उम्मेद्वार कै नाम अन्तिम नामावलीको रुपमा प्रकाशित भएको थियो । उक्त तीन जना मध्ये दुई जना संचालक निर्वाचनको लागि मतदानको प्रक्रिया संचालन गर्ने क्रममा एक जना उम्मेद्वार श्री राजेश कोइरालाले निर्वाचन अधिकृत समक्ष आज मिति २०७१/०१/२१ मा लिखित रुपमा नाम फिर्ता लिने निवेदन पेश गर्नु भएको र बैंकको संचालक निर्वाचन सम्बन्धी निर्देशिकाको बुँदा नं. १३(३) अनुरुप उक्त नाम फिर्ता लिन अध्यक्षज्यूले अनुमति प्रदान गर्नु भएकोले उम्मेदवार श्री राजेश कोइरालाको नाम सूचिबाट हटाउने निर्णय भएको थियो । अतः शेयरधनी समूह “ख” का शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने जति पद संख्यामा निर्वाचन हुनु पर्ने हो, त्यति नै संख्याको मात्र उम्मेदवारी कायम रहन गएको हुँदा २ (दुई) जना उम्मेदवारहरु १. श्री दीपक प्रसाद भट्टराई र २. श्री दीपक नेपाल संचालक पदमा निर्विरोध निर्वाचित हुनुभएको निर्वाचन अधिकृतले घोषणा गर्नु भयो र सोलाई साधारण सभाबाट सर्वसम्मतिले पारित गरियो ।

**(ख) विशेष प्रस्ताव तर्फ :**
१. विशेष प्रस्ताव नं. १ बमोजिम बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. २२,१६,५०,००० बराबर (अथार्त प्रत्येक १०० कित्ता शेयर बराबर ११ कित्ताका दरले) वोनस शेयर वितरण गर्न र सोको कर प्रयोजनको लागि रु. १,१६,६५,७८९.४७ (अर्थात चुक्ता पुंजीको ०.५७८९५ प्रतिशत) नगद लाभांश स्वीकृत गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।
२. विशेष प्रस्ताव नं. २ बमोजिम बोनस शेयर जारि भई कायम भएको पूँजीको १०% अर्थात प्रत्येक १० कित्ता शेयर बराबर १ कित्ताका दरले हकप्रद शेयर निस्काशन गर्ने प्रस्ताव पारित गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।
३. विशेष प्रस्ताव नं. ३ बमोजिम उल्लेखित बोनश शेयर तथा हकप्रद शेयर निस्काशनको लागि आवश्यक हदसम्म जारि तथा चुक्ता पूँजी बृद्धि गरि जारि तथा चुक्ता पूँजी रु. २,४६,०३,१५,०००.०० कायम गर्न स्वीकृत गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।
४. विशेष प्रस्ताव नं. ४ बमोजिम संस्थापक समूहको स्वामित्वमा रहेको ७० प्रतिशत शेयरमध्ये १९ प्रतिशत शेयर सर्वसाधारण समूहको शेयरतर्फ परिणत गरि संस्थापक समूहको ५१ प्रतिशत र सर्वसाधारण समूहको ४९ प्रतिशत शेयर कायम गर्ने सम्बन्धि प्रस्ताव पारित गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।
५. विशेष प्रस्ताव नं. ५ बमोजिम संस्थापक शेयरधनी समूह (क) को उपसमूह (क-३) र उपसमूह (क-६) लाई एउटै उपसमूहमा समावेश गरि संस्थापक शेयरधनीको समूह (क) अन्तर्गत कूल ५ वटामात्र उपसमूह कायम गर्ने र प्रत्येक उपसमूहबाट १-१ जना संचालक रहने गरि संस्थापक शेयरधनीहरुको तर्फबाट कूल ५ जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट कूल ३ जना संचालक तथा १ जना स्वतन्त्र व्यवसायिक संचालक गरि कूल ९ जना संचालक रहने व्यवस्था गर्ने तथा सोही प्रस्तावसंग सम्बन्धित विशेष प्रस्ताव नं. ८ बमोजिम संस्थापक शेयरधनीहरुको हाल रहेको ६ वटा उप-समूहहरु रद्द गर्ने र संस्थापक शेयरधनीहरुको समूह “क” र सर्वसाधारण शेयरधनीहरुको समूह “ख” गरि कूल २ वटा मात्र समूह कायम गर्ने र संस्थापक शेयरधनीहरुको तर्फबाट ५ (पाँच) जना संचालक, सर्वसाधारण शेयरधनीहरुको तर्फबाट ३ (तीन) जना संचालक र स्वतन्त्र संचालक १ जना गरि कूल ९ जनाको संचालक समिति रहने व्यवस्था गर्न र सो बमोजिम प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्न केही संस्थापक शेयरधनीहरुले दिनु भएको मिति २०७०/११/०६ को निवेदन माग बमोजिम पेश भएको प्रस्तावका सम्बन्धमा उपरोक्त विशेष प्रस्ताव नं. ५ वा विशेष प्रस्ताव नं. ८ मध्ये कुनै एक प्रस्ताव पारित गरियोस भनि अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव उपर सभामा विस्तृत छलफल भई प्रस्ताव नं. ८ बमोजिम हाल रहेको ६ वटा उप-समूहहरु रद्द गर्ने र संस्थापक शेयरधनीहरुको समूह “क” र सर्वसाधारण शेयरधनीहरुको समूह “ख” गरि (सो अन्तर्गत कुनै पनि उपसमूहहरु नरहने गरि) कूल २ वटा मात्र समूह कायम गर्ने र संस्थापक शेयरधनीहरुको तर्फबाट ५ (पाँच) जना संचालक, सर्वसाधारण शेयरधनीहरुको तर्फबाट ३ (तीन) जना संचालक र स्वतन्त्र संचालक १ जना गरि कूल ९ जनाको संचालक समिति रहने व्यवस्था गर्ने र सोही बमोजिम प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सर्वसम्मतिले पारित गरियो ।
६. विशेष प्रस्ताव नं. ६ बमोजिम संचालक समितिको वैठकमा उपस्थित भए वापतको भत्ता बृद्धि गरि प्रति वैठक भत्ता अध्यक्षको रु. ९ हजार र सदस्यको रु. ८ हजार कायम गर्न स्वीकृत गरियोस् भनी अध्यक्षज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।
७. विशेष प्रस्ताव नं. ७ बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धि प्रस्ताव अध्यक्षज्यूले सभामा प्रस्तुत गर्नु भएपछि छलफल पश्चात सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरुबाट प्रस्तावित संशोधनमा प्रबन्धपत्रको दफा ५(कच), ५(कछ), ६(ख), ६(ग), ६(घ), ६(ङ) र ६(च) तथा नियमावलीको नियम २७(२), ३१(क), ३१(ख), ३२(१)(ख), ३२(१)(ग)(उ) र ३६(७) मा देहाय बमोजिम संशोधन/थप गर्ने सर्वसम्मतिबाट निर्णय भयो । साथै, उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक फेरबदल/ परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत्तिबाट निर्णय गरियो ।

**प्रबन्धपत्र तर्फ :**
दफा ५ : बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :
(कच) प्रचलित कानूनबमोजिम सम्बद्ध निकायको आवश्यक स्वीकृति /इजाजत/सदस्यता लिई ग्राहकहरुलाई धितोपत्रको निक्षेप सेवा (डिपोजिटरी पार्टिसिपेण्ट सर्भिसेस्) प्रदान गर्ने ।
(कछ) प्रचलित कानुनको अधीनमा रही निर्जीवन तथा जीवन बीमा अभिकर्ताको रुपमा काम गर्ने, Bankassurance तथा बीमा कम्पनीहरुद्वारा जारी गरिएको बीमालेख वितरण सम्बन्धी कार्य गर्ने ।

दफा ६ : बैंकको पूँजीको संरचना :
(ख) बैंकको तत्काल जारी गर्ने शेयर पूँजी रु. २,४६,०३,१५,०००/- (दुई अर्ब छयालीस करोड तीन लाख पन्ध्र हजार रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरका २,४६,०३,१५० (दुई करोड छयालीस लाख तीन हजार एक सय पचास) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
(ग) बैंकको चुक्ता पूँजी रु. २,४६,०३,१५,०००/- (दुई अर्ब छयालीस करोड तीन लाख पन्ध्र हजार रुपैयाँ) हुनेछ ।
(घ) बैंकले जारी पूँजीको ४९ प्रतिशत साधारण शेयर सर्वसाधारणको लागि छुट्याएको छ ।
(ङ) संस्थापक शेयरधनीहरुलाई समूह “क” मा वर्गिकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ५१ प्रतिशत हुनेछ । यो समूह अन्तर्गत कुनै पनि उपसमूह रहने छैनन् ।
(च) सर्वसाधारणमा बिक्री गरिने शेयरका शेयरधनीलाई समूह “ख” मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४९ प्रतिशत हुनेछ ।

**नियमावली तर्फ :**
**नियम २७ :** समितिको गठन, संख्या र कार्यकाल :
(२) यस बैंकमा ९ जनाको समिति हुनेछ जसमा संस्थापक समूहबाट मनोनित/ निर्वाचित ५ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित ३ जना र १ जना स्वतन्त्र व्यवसायिक सञ्चालक हुनेछन् ।

**नियम ३१ :** सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने :
(क) संस्थापक समूह “क” बाट जम्मा ५ जना संचालकहरु निर्वाचित वा आपसी समझदारीबाट मनोनित हुनेछन् । संस्थापक समूहबाट संचालक निर्वाचनमा आपसी सहमती हुन नसकी निर्वाचन हुने भएमा संस्थापक समूहका शेयरधनीहरुको मात्र सो समूहमा मतदान गर्ने अधिकार हुनेछ ।
(ख) समूह “ख” का सर्वसाधारण शेयरधनीबाट निर्वाचित ३ जना ।

**नियम ३२ :** सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :
(१) (ख) समितिको बैंठकमा उपस्थित भए बापत अध्यक्षले रु. ९,०००।- र अन्य संचालकले पाउने प्रति बैंठक भत्ता रु. ८,०००।- हुनेछ ।
(१) (ग)(उ) होटल खर्च वास्तविक विल बमोजिम ।

**नियम ३६** : प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था :
(७) प्रमूख कार्यकारी अधिकृत नियुक्त भई नसकेको अवस्थामा वा अन्य कुनै कारणले उक्त पदाधिकारी नभएको अवस्थामा निजले सम्पादन गर्ने कार्यहरु नायव प्रमुख कार्यकारी अधिकृतले सम्पादन गर्न सक्नेछ ।

**(ग) विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।**

*सभाको विस्तृत बिववरण यस बैंकको website: www.sunrisebank.com.np मा समेत राखिएको छ ।*

सन्राइज बैंक लिमिटेड
**SUNRISE BANK LIMITED**
RISING TO SERVE
www.sunrisebank.com.np
**सन्राइज बैंक लिमिटेड**
कर्पोरेट कार्यालयः सन्राइज प्लाजा,गैह्रीधारा क्रसिङ्ग, काठमाण्डौं
**फोन नं.:** ०१-४००४५६१-६४, **फ्याक्स नं.** ९७७-०१-४४२२४७५ **इमेलः** info@sunrisebank.com.np